# सामुदायिक विद्यालयका शिक्षकहरुको व्यवस्थापन सम्बन्धी कार्यविधि-२०८१

(स्वीकृत मितिः २०८१/०९/०५)

## मंगला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बाबियाचौर, म्याग्दी

# सामुदायिक विद्यालयका शिक्षकहरुको व्यवस्थापन सम्बन्धी कार्यविधि-२०८१

प्रस्तावनाः

मंगला गाउँपालिका क्षेत्रभित्र माध्यमिक तह सम्मको विद्यालय शिक्षालाई व्यवस्थित, मर्यादित, समयानुकुल तथा गुणस्तरीय बनाउन सामुदायिक विद्यालयका शिक्षकहरुको व्यवस्थापन कार्य अघी बढाउन स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को खण्ड (ज) र मंगला गाउँपालिकाको शिक्षा ऐन, २०७५ को दफा ४१ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरि मंगला गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भ**

१. यस कार्यविधिको नाम "**सामुदायिक विद्यालयका शिक्षकहरुको व्यवस्थापन सम्बन्धी कार्यविधि-२०८१**" रहेको छ।

२. यो कार्यविधि मंगला गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा लागु हुनेछ।

३. यो कार्यविधि मंगला गाउँ कार्यपालिकाबाट स्विकृत भएपश्चात लागु हुनेछ।

**२. बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

क. "गाउँपालिका" भन्नाले मंगला गाउँपालिका सम्झनुपर्छ।

ख. "शिक्षा समिति" भन्नाले मंगला गाउपालिकाको शिक्षा ऐनको दफा ९ अनुसार गठित शिक्षा समिति सम्झनुपर्छ।

ग. "व्यवस्थापन समिति" भन्नाले मंगला गाउपालिकाको शिक्षा ऐनको दफा १३ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन सम्झनुपर्छ।

घ. "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफारहित प्रकृतिको नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरि अनुमति वा स्विकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

ङ. "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनुपर्छ।

च. "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनुपर्छ।

छ. "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ। सो शब्दले प्रारम्भिक बालविकास शिक्षक र प्रधानाध्यापक समेतलाई जनाउदछ।

ज. "कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ।

झ. "कार्यालय" भन्नाले मंगला गाउँपालिका गाउ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

ञ. "शिक्षक व्यवस्थापन" भन्नाले विद्यालयमा रहेका स्विकृत दरबन्दी र गाउँपालिकाको पुलमा रहेका दरबन्दी अन्तर्गतका कार्यरत शिक्षकहरुको सरुवा, काज तथा पदस्थापन सम्झनुपर्छ।

## परिच्छेद-२

### ३. शिक्षक व्यवस्थापन

(१) कार्यालयले सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्न मंगला गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा आधारभुत र माध्यमिक तहमा कार्यरत शिक्षकहरुलाई देहाय बमोजिमका  मापदण्ड र कारणका आधारमा गाउँपालिका भित्र सञ्चालित विभिन्न सामुदायिक विद्यालयहरुमा व्यवस्थापन गरि गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णयबमोजिम कामकाजमा लगाउन सक्नेछ।

देहाय

शिक्षक व्यवस्थापनका मापदण्ड र कारणहरुः

अ. विद्यालयमा उपलब्ध शिक्षकहरुको संख्या।

आ. विद्यालयको आवश्यकता।

इ. बिषयगत शिक्षकहरुको आवश्यकता र उपलब्धता।

ई. विद्यार्थीहरुको पछिल्लो तीन वर्षको सिकाइ उपलव्धीस्तर।

उ. विद्यार्थी संख्या।

ऊ. आधारभूत तह स्तरीय कक्षा ८ र माध्यमिक शिक्षा परीक्षा(एस.इ.इ) को नतिजा।

ऋ. शिक्षकहरुको विद्यालय व्यवस्थापन, प्रशासन र कर्मचारीहरु बिचको पारस्परिक सहसम्बन्धको आधार।

ए. वडा शिक्षा समिति/वडा समितिको राय।

ऐ. विद्यालय व्यवस्थापन समितिको योजना तथा सिफारिस।

ओ. कुनै शिक्षकको अन्य विद्यालयमा व्यवस्थापन वा पदस्थापन गर्दा जाने र आउने दुवै विद्यालयको शैक्षिक गुणस्तर सुधार हुने अवस्थामा।

औ. अन्य सान्दर्भिक विषयहरु।

## परिच्छेद-३
## शिक्षक व्यवस्थापन सम्बन्धी गाउँपालिका अन्तर्गतका निकायहरुको भूमिका तथा दायित्व

### ४. विद्यालय व्यवस्थापन समिति

(१) यस कार्यविधि बमोजिम शिक्षक व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्नु विद्यालय व्यवस्थापन समितिको दायित्व हुनेछ।

### ५. वडा समिति /वडा शिक्षा समिति

(१) आफ्नो वडा भित्रका विद्यालयहरुको अवस्था अध्ययन गरि शिक्षक व्यवस्थापन सम्बन्धी सरोकारवाला संग बैठक, छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरि सुझाव संकलन तथा राय पेस गर्ने।

**६. गाउँ शिक्षा समिति**

(१) आफ्नो पालिका भित्रका विद्यालयहरुको अवस्था अध्ययन गरि शिक्षक व्यवस्थापन सम्बन्धी सरोकारवाला संग बैठक, छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरि सुझाव संकलन तथा राय पेस गर्ने।

(२) यस कार्यविधिमा भएको व्यवस्था र शर्तका आधारमा विद्यालयका शिक्षकहरुको व्यवस्थापनका लागि सिफारिस गर्ने।

**७. गाउँ कार्यपालिका**

(१) यस कार्यविधि बमोजिम शिक्षक व्यवस्थापन सम्बन्धी अन्तिम निर्णय गर्ने।

## विविध

**८. शिक्षक व्यवस्थापन गर्ने समय र प्रक्रिया**

गाउँपालिकाकले शिक्षक व्यवस्थापन कार्यका लागि कम्तिमा सात (७) दिनको सूचना आव्हान गरी सामान्यतया शैक्षिक सत्रको सुरु र अन्त्यमा बढीमा दुई पटक शिक्षक व्यवस्थापन कार्य गर्न सक्नेछ ।

**९. कार्यविधिमा संशोधन**

गाउँ कार्यपालिकाले गाउँ शिक्षा समिति, सरोकारवाला निकाय वा विषय विज्ञहरुको परामर्शमा कार्यविधिमा संशोधन गर्न सक्नेछ।

**१०. बाझिन नहुने**

यस कार्यविधिको व्यवस्थामा ऐन तथा नियमावलीसंग बाझिएमा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ र मंगला गाउँपालिकाको शिक्षा ऐन, २०७५ बमोजिम हुनेछ।

**११. व्याख्या**

यस कार्यविधिमा भएको व्याख्या गाउँ कार्यपालिकावाट हुनेछ र गाउँ कार्यपालिकाबाट भएको व्याख्या नै अन्तिम हुनेछ।